नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा संवर्द्धन कार्यालय

गाई आनुवांशिक श्रोत केन्द, जिरी

सिलवन्दी दरभाउपत्र आह्वान सुचना न. ०१।२०७७।७८

(प्रथम पटक पत्रिकामा प्रकाशित मिति २०७७।०४।३०)

१. यस केन्द्रको आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार "खिम्तीको अधुरो गोठ सम्पन्न गर्ने" कार्य सिलबन्दी दरभाउपत्रको माध्ययमबाट गराउनु पर्ने भएकोले खरिद नियामावली, २०६४ को उपनियम ४९ क, खण्ड (झ) बाहेकका इच्छुक नेपाली निर्माण व्यावसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नलिखित शर्तको अधिनमा रितपुर्बक सम्बन्धित कामको लागि आधिकारिक ईजाजत प्राप्त ब्यावसायीहरुवाट आह्वान गरिन्छ ।

क्र.सं.	दरभाउपत्र नं..	विबरण	लागत अनुमान (भ्याट र कन्टेनजेन्सी बाहेक) रकम रु.	दरभाउपत्र जमानत रकम रु.	दरभाउपत्र फाराम दस्तुर रु.
१.	CGRCJIRI/SQ/ G/CH/01 /2077/78	खिम्तीको अधुरो गोठ सम्पन्न गर्ने	१६,९४,३१९।४७	४२,५००।-	१,०००।-

२. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म वा निजको अधिकार प्राप्त प्रतिनिधिबाट फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, सम्वन्धित कामको इजाजतपत्र, स्थायी लेखा दर्ता नम्बर, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७५।०७६ को कर चुक्ताको प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु तथा दरभाउपत्रदाताले प्रस्तावित कार्य कारबाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषणापत्र सहित निवेदन दिनु पर्नेछ, ।

३. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक पत्रिकामा प्रकाशन भएको मिति २०७७।०४।३० गतेदिख २०७७।०५।१२ गतेसम्म दरभाउपत्र दस्तुर वापत रु १०००।- मात्र (पछि फीर्ता नहुने गरी) यस केन्द्रमा नगदै तिरी सोको सक्कलै रसिद वा नेपाल बैंक लिमिटेड, चरिकोट शाखा, दोलखा, कार्यालय कोड नं ३१२०२२३०१, राजश्व शिर्षक नं १४२२९ कार्यालयको खाता नं क-१-१-०४ जम्मा गरेको सक्कलै भौचर सहित सम्वन्धित कामको लागि इजाजत प्राप्त ब्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधीले लिखित निवेदन दिइ कार्यालय समयभित्र गाई आनुवंशिक श्रोत केन्द्र जिरी, दोलखाबाट खरिद गर्न सक्नेछ ।

४. सिलबन्दी दरभाउपत्रको खाम बाहिर दरभाउपत्र नं., कामको विबरण र दरभाउपत्र दाताको नाम, ठेगाना, टेलीफोन नं., मोबाईल नं. स्पष्ट खुलाई यस केन्द्रलाई सम्बोधन गरी सो खामलाई सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

५. खरिद गरिएको दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा दुबैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईने छ । त्यसै गरी अन्य माग बमोजिमको विवरणहरु पनि प्रस्टसंग उल्लेख गरी दरभाउपत्र दाताले प्रत्येक पानामा सहिछाप गरी आवश्यक कागजातहरुको प्रमाण संलग्न राखि मिति २०७७/०५/१४ गते दिनको १२:०० वजेसम्म गाई आनुवंशिक श्रोत केन्द, जिरीमा दर्ता गर्न सक्नेछ ।यसरी दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही मितिको दिनको १३:०० बजे दरभाउपत्रदाता वा निजको अधिकारिक प्रतिनिधीहरुको रोहवरमा यस केन्द्रमा खोलिनेछ।तर दरभाउपत्रदाता वा नीजको आधिकारिक प्रतिनिधिहरुको अनुपस्थितिमा उक्त सिलबन्दी दरभाउपत्रहरु खोल्न कुनै वाधा रहने/पर्ने छैन ।

६. सम्वन्धित ब्यवसायीले दरभाउपत्र जमानत वापतको रकम गाई आनुवांशिक स्रोत केन्द्र जिरीमा नगदै जम्मा गरेको सक्कलै रसिद / भरपाई वा नेपाल वैक लिमिटेड, चरिकोट शाखा, दोलखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. १३०० २०० ००० ००० ००० ००३३ मा दरभाउपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै वैंक भौचर वा सो रकम बरावरको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य वैंकबाट यस केन्द्रको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तीमा ७५ दिन म्याद भएको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने/खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन् । म्याद नाघी आएको, रित नपुगेका र सुचनाका शर्तहरु विपरित भएका दरभाउपत्रहरु माथि कारबाही हुनेछैन ।

८. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित कानुन अनुसार हुनेछ ।

९. कुनै वा सवै सिलवन्दी दरभाउपत्र स्विकार वा अस्विकार गर्ने सम्पूर्ण अधिकार खरिद कर्तामा निहित रहने छ ।

१०. अन्य आवश्यक कुरा बुझ्नु परेमा गाई आनुवंशिक श्रोत केन्द, जिरी वा केन्द्रको फोन न. ०४९-४०००५६/६६ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

शिव प्रकाश आचार्य
वरिष्ठ पशु विकास अधिकृत